खिजीदेम्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल

खिजीदेम्वा गाउँपालिका

खिजीफलाटे,ओखलढुङ्गा

बैठक संख्याः ४१

मितिः २०८२/०८/२३ गते मंगलबार

खिजीदेम्वा गाउँपालिका अध्यक्ष श्री गम्बु शेर्पाज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको समुपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गम्बु शेर्पा | अध्यक्ष | |
| २ | श्री शुसिला तामाङ | उपाध्यक्ष | |
| ३ | श्री कुमार सुनुवार | १ नं. वडाध्यक्ष | |
| ४ | श्री सुरेन्द्र शंकर घिमिरे | २ नं. वडाध्यक्ष | |
| ५ | श्री टंकराज सुनुवार | ३ नं. वडाध्यक्ष | |
| ६ | श्री होम वहादुर सुनुवार | ४ नं. वडाध्यक्ष | |
| ७ | श्री राम कुमार सुनुवार | ५ नं. वडाध्यक्ष | |
| ८ | श्री पासाङ निमा शेर्पा | ६ नं. वडाध्यक्ष | |
| ९ | श्री डिल्ली राम बस्नेत | ७ नं. वडाध्यक्ष | |
| १० | श्री नगेन्द्र बहादुर बस्नेत | ८ नं. वडाध्यक्ष | |
| ११ | श्री ङवाङ फुरी शेर्पा | ९ नं. वडाध्यक्ष | |
| १२ | श्री दोर्ची शेर्पा | कार्यपालिका सदस्य | |
| १३ | श्री कवितादेवी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री दुर्गादेवी सुनुवार | कार्यपालिका सदस्य | |
| १५ | श्री रामकुमारी बस्नेत | कार्यपालिका सदस्य | |
| १६ | श्री पसि शेर्पा | कार्यपालिका सदस्य | |
| १७ | श्री आङ ल्वामु शेर्पा | कार्यपालिका सदस्य | |
| १८ | श्री नविना गिरी | प्रमुख प्रशासकीय अधिकृत | |
| आमन्त्रित | | | |
| १ | दिपक घिमिरे | लेखा अधिकृत | |

प्रस्तावहरु:-

१.ठेक्का सम्बन्धमा ।

२.कार्यविधि सम्बन्धमा ।

३.लागत साझेदारी सम्बन्धमा ।

४.विविध सम्बन्धमा ।

निर्णय नं. १

खिजीदेम्बा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा
कोशी प्रदेश, नेपाल

क. प्रस्ताव नं. १ माथि छलफल गर्दा संघीय विशेष अनुदान कार्यक्रम अन्तर्गत दलित तथा आर्थिक सामाजिक रुपले पिछडिएको समुदाय लक्षित तोङमार खर्क खानेपानी योजना खिजीदेम्वा- ५ शिर्षकमा लागि यस बर्ष संघीय सरकारबाट ३ करोड लागत स्वीकृत भएको र यस वर्ष उक्त योजनाको लागि रु. ६९ लाख बजेट प्राप्त हुने र बाँकी रकम आगामी आ.व. मा प्राप्त हुने अनुमान भएको छ । उक्त योजनालाई बहुवर्षिय योजनाको रुपमा स्वीकृत गर्ने र ३ करोड बराबरको ठेक्का आव्हान गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

ख. प्रस्ताव नं. १ माथि छलफल गर्दा वित्तिय समानिकरण अनुदान अन्तर्गत साल्मे सिरीवानी हुँदै ६ नम्बर वडा जोड्ने सडक शिर्षकमा रु. १५ लाख वजेट विनियोजन भएकोमा उक्त आयोजनाको कार्यान्वयनका लागि रु. १८ लाख ७५ हजार वजेट आवश्यक पर्ने अनुमान प्राविधिक शाखाबाट प्राप्त भएको हुँदा रु. १८ लाख ७५ हजार बराबरकै ठेक्का आव्हान गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने र नपुग रकम आगामी गाउँसभाबाट वजेट विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो ।

ग. प्रस्ताव नं. १ माथि छलफल गर्दा वित्तिय समानिकरण अनुदान अन्तर्गत पोल्थली देखि वडा कार्यालय सडक, खिजीदेम्वा-२ शिर्षकमा रु. १३ लाख वजेट विनियोजन भएकोमा उक्त आयोजनाको कार्यान्वयनका लागि रु. १६ लाख २५ हजार वजेट आवश्यक पर्ने अनुमान प्राविधिक शाखाबाट प्राप्त भएको हुँदा रु. १६ लाख २५ हजार बराबरकै ठेक्का आव्हान गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने र नपुग रकम आगामी गाउँसभाबाट वजेट विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो ।

घ. प्रस्ताव नं. १ माथि छलफल गर्दा वित्तिय समानिकरण अनुदान अन्तर्गत बुक्तेल टावर डाँडा सडक, खिजीदेम्वा-७ शिर्षकमा रु. १३ लाख वजेट विनियोजन भएकोमा उक्त आयोजनाको कार्यान्वयनका लागि रु. १६ लाख २५ हजार वजेट आवश्यक पर्ने अनुमान प्राविधिक शाखाबाट प्राप्त भएको हुँदा रु. १६ लाख २५ हजार बराबरकै ठेक्का आव्हान गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने र नपुग रकम आगामी गाउँसभाबाट वजेट विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो ।

नविना गिरी
प्रमुख प्रशासकीय अधिकृत

गम्बु शेर्पा
गाउँपालिका अध्यक्ष

निर्णय नं. २

क. प्रस्ताव नं. २ माथि छलफल गर्दा व्यवसायिक कृषि तथा पशुपंक्षी फर्म दर्ता एवम् नविकरण सम्बन्धी कार्यविधि,२०८२ गाउँ कार्यपालिकामा पेश गर्ने निर्णय गरियो।

ख. प्रस्ताव नं. २ माथि छलफल गर्दा तपसिल बमोजिमका कार्यविधिहरु गाउँ कार्यपालिकाबाट स्वीकृत गरी राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो

- लागत साझेदारीमा कृषि यान्त्रिकरण वितरण सम्बन्धी कार्यविधि, २०८२
- खिजीदेम्वा गाउँपालिकाको बारुणयन्त्र व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८२
- खिजीदेम्वा गाउँपालिकाको खेलकुद विकास सम्बन्धी कार्यविधि, २०८२

ग. प्रस्ताव नं. २ माथि छलफल गर्दा खिजीदेम्वा गाउँपालिकाको पूर्वाधार विकास तथा सेवा व्यवस्था (नियमित र व्यवस्थित गर्ने ऐन, २०८० को अधिनमा रही वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि मापदण्ड निर्माण गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

घ. प्रस्ताव नं. २ माथि छलफल गर्दा तालिम तथा बैठक एवम् अन्य विषयमा दिईने पारिश्रमिक तथा भत्ता सम्बन्धी कार्यविधि, २०८१ को परिच्छेद ३ को दफा १३ को ग र परिच्छेद ४ को दफा १४ र १५ संशोधन गरी राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो।

निर्णय नं. ३

क. प्रस्ताव नं. ३ माथि छलफल गर्दा वित्तिय समानिकरण अन्तर्गत लागत साझेदारीमा कृषि यान्त्रीकरण वितरण शिर्षकमा रु. १० लाख बजेट विनियोजन भएकोले २५ प्रतिशत लागत साझेदारीमा उक्त कार्यक्रमको प्रस्ताव आव्हान गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ४

क. प्रस्ताव नं. ४ माथि छलफल गर्दा वित्तिय समानिकरण अनुदान अन्तर्गत "रक क्लाइम्बिङ निर्माण साथै लिफ्टिङ पोइन्ट र शौचालय निर्माण सहित रुटको लगबुक निर्माण" शिर्षकमा रु.१६ लाख बजेट विनियोजन भएको छ। उक्त योजनाको कार्यान्वयन सार्वजनिक खरिद

नविना गिरी
प्रमुख प्रशासकीय अधिकृत

गन्दु शेर्पा
गाउँपालिका अध्यक्ष

खिजीदेम्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल

ऐन, २०६३ को दफा ४४ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिमार्फत गराउने निर्णय गरियो।

ख. प्रस्ताव नं. ४ माथि छलफल गर्दा वित्तिय समानिकरण अनुदान अन्तर्गत सेफ हाउस सञ्चालन अनुदान शिर्षकमा रु. २ लाख बजेट विनियोजन भएको छ। सुरक्षित आवास गृह सञ्चालन समितिको बैठकको निर्णयानुसार यस गाउँपालिकाले ११ प्रतिशतले हुन आउने रकम रु. १०७,२०६।—जम्मा गरिदिनको लागि माग भई आएकोले उक्त रकम सिद्दिचरण नगरपालिकाको खातामा जम्मा गरिदिने निर्णय गरियो।

ग. प्रस्ताव नं. ४ माथि छलफल गर्दा आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमाथि छलफल गरियो ।

घ. नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ११३, मितिः २०८२/०६/०८ को पत्रानुसार स्थानीय तहको स्वीकृत दरबन्दी भन्दा बाहेकमा कार्यरत अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरुलाई सेवाबाट हटाई सार्वजनिक खर्चमा मित्व्ययिता अपनाउन निर्देशन भएको हुँदा दरबन्दी बाहेकका अस्थायी, करार तथा ज्यालादारी कर्मचारीको विवरण तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो। साथै खिजीदेम्वा गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण तयार गर्ने निर्णय गरियो।

ङ. शिक्षकको स्थानीय भत्ता सम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरलाई पत्र पठाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

च. थोलेदेम्बा गुरु पद्म सम्भवको प्रतिमा निर्माण समितिलाई खिजीदेम्वा गाउँपालिकाको तर्फबाट धन्यवाद ज्ञापन सहितको प्रशंसापत्र प्रदान गर्ने निर्णय गरियो।

छ. कल्प इम्पावर वेमेन नेपाल द्वारा आयोजित नेपाली महिला जनप्रतिनिधिहरुको शि लिड्स आइकन दोस्रो संस्करणको अवार्ड समारोहमा यस गाउँपालिकाको स्टल तथा सूचना केन्द्र राखिएकोले सो बापतको शुल्क रु. ३९८५०।— विविध खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

ज. खिजीदेम्वा गाउँपालिकाको कार्यविधि अनुसार नेपाल इन्भेष्टमेन्ट मेगा बैंकमा सञ्चालित एम्बुलेन्स खर्च खाता र लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७ अन्तर्गत खोलिएका बैंक खाताहरु यस अघिका प्र.प्र.अ. श्री गौरवराज के.सी. र लेखा अधिकृत श्री दिपक घिमिरेको संयुक्त दस्तखतबाट सञ्चालन हुँदै आएकोमा अब उप्रान्त प्रमुख प्रशासकीय अधिकृत श्री नबिना गिरी र लेखा अधिकृत श्री दिपक घिमिरेको संयुक्त दस्तखतबाट सञ्चालन गर्ने निर्णय गरियो।

नबिना गिरी
प्रमुख प्रशासकीय अधिकृत

गम्बु शेर्पा
गाउँपालिका अध्यक्ष

खिजीदेम्बा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा
कोशी प्रदेश, नेपाल

आज मितिः २०८२/०८/२३ गते बुधबारका दिन गाउँ कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु र निर्णयहरुलाई सर्वसम्मत स्वीकृत गरियो ।

| | | | |
|---|---|---|---|
| श्री दोर्ची शेर्पा<br>सदस्य | आङ ल्वामु शेर्पा<br>सदस्य | पसि शेर्पा<br>सदस्य | रामकुमारी बस्नेत<br>सदस्य |
| दुर्गादेवी सुनुवार<br>सदस्य | कुमार सुनुवार<br>वडाध्यक्ष | सुरेन्द्र शंकर घिमिरे<br>वडाध्यक्ष | टंकराज सुनुवार<br>वडाध्यक्ष |
| कवितादेवी सुनुवार<br>सदस्य | होम बहादुर सुनुवार<br>वडाध्यक्ष | राम कुमार सुनुवार<br>वडाध्यक्ष | पासाङ निमा शेर्पा<br>वडाध्यक्ष |
| डिल्ली राम बस्नेत<br>वडाध्यक्ष | नगेन्द्र बहादुर बस्नेत<br>वडाध्यक्ष | ङवाङ फुरी शेर्पा<br>वडाध्यक्ष | सुशिला तामाङ<br>उपाध्यक्ष |
| गम्बु शेर्पा<br>अध्यक्ष | | | |